# नेपालगञ्ज उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## नेपालगञ्ज, बाँके

(मिति २०७६।०९।१६)

**नेपालगञ्ज उप-महानगरपालिकाको चालू आ.व.२०७६/०७७ का लागि स्वीकृत संचार क्षेत्र प्रवर्द्धन कार्यक्रम अन्तर्गत विनियोजित रकमबाट नगर विकासका विभिन्न गतिविधिहरुमा सञ्चार क्षेत्रको सामिप्यता अभिवृद्धि गरि विकासमा पत्रकारिता क्षेत्रको जग संस्थागत गरि सुशासन प्रवर्द्धन सम्बन्धि कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सञ्चारकर्मी संस्थाहरुका लागि तयार गरिएको कार्यक्षेत्रगत शर्त (ToR)।**

**१. सञ्चारमाध्यमसँगको सहकार्य**

व्यवस्थित रक्त सञ्चारले मात्र मानव मष्तिष्क क्रियाशिल हुन्छ ठीक त्यसै गरि विकासमा सञ्चारको प्रवेश पश्चात् मात्र स्थानीय सरकारको सुशासन प्रणाली मजबुत हुन्छ । यसबाट नागरिकहरुले पाउने सेवा, सुविधा समेत थप प्रभावकारी हुन आउछ । सञ्चारले सोंच, समझ, अनुभुति र आँकडा प्रशारण गर्दछ । काम गर्ने, गराउने, बुझ्ने बुझाउने, भन्ने, लेख्ने, इशारा वा संकेत गर्ने र यि क्रियाक्लापहरुको अभिलेख, प्रशोधन र प्रयोग गर्ने कार्य सञ्चार प्रणालीका अवयवहरु हुन् । सञ्चारको विकास, विस्तार र व्यापकतासँगै आवश्यक्ता, महत्व, भूमिका र जिम्मेवारीहरु पनि बढ्दै गएका छन् । सञ्चार सुविधालाई आधारभुत सुविधाका रुपमा लिदै राज्यले पनि अंगिकार गरिरहेको छ । प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनैपनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ, भनी सूचना हकले सुनिश्चित गरेको छ । नागरिकप्रति जवाफदेही बन्नु, सार्वजनिक महत्व र सरोकारका सूचनामा आम नागरिकको पहुँच सजिलोसँग पुऱ्याउनुलाई नागरिकको सुसुचित हुने हक संरक्षण गर्नु मानिएको छ । सूचना संकलन गर्ने, व्यवस्थित गर्ने र मागेको वेला उपलब्ध गराउनु राज्य संयन्त्रको दायित्व पनि हो ।

**२. नेपालगञ्ज उपमहानगरपालिकाको दृष्टिकोण**

नेपालगञ्ज उपमहानगरपालिका सुशासनयुक्त सञ्चारमैत्री नगरका रुपमा विकसित हुन प्रयासरत छ । पछिल्लो चरणमा सो अनुसार आफ्ना वार्षिक नीति, योजना र कार्यक्रम समेत निरन्तर अघि सारिएका छन् । नेपालगञ्ज उप-महानगरपालिका सम्पूर्ण सञ्चारकर्मी र सञ्चारमाध्यमप्रति समान दृष्टिकोण राख्दछ । सौहार्दपूर्ण सम्वन्ध विस्तारसँगै व्यवसायिक सहकार्य राख्न पनि चाहन्छ । उपमहानगरपालिकाका तर्फबाट भए/गरेका केही महत्वपूर्ण निर्णय, कार्य योजनाहरु विभिन्न माध्यममार्फत नियमित सार्वजनिक गर्ने प्रयास गरिएकै छ । आगामी दिनमा सञ्चारकर्मी, सञ्चार माध्यमसँगको सहकार्यलाई अझैं प्रगाढ र प्रभावकारी बनाउन चाहिरहेको छ । राजनीतिक विषयमा मात्र स्थान पाइरहेका बेला उप-महानगरपालिका बाट सम्पादित गतिविधिहरु लगायत सम्पन्न र वैभवशाली महानगरको परिकल्पना भैरहेको वर्तमान परिप्रेक्ष्यमा अझ सञ्चारजगतसंग तादात्म्यताका साथ अघि बढ्न खोज्नु सुशासनका मार्गमा अर्को महत्वपूर्ण पाइला हो । यस्ता विषयहरुमा सञ्चारकर्मी र सञ्चारमाध्यमको पूर्ण सहयोगको अपेक्षा समेत गरिएको छ ।

**३. कार्यक्रम र योजना**

सूचना, सञ्चार तथा प्रविधि शाखा मार्फत उपमहानगरपालिकाका समग्र सूचना, गतिविधी सहज रुपमा प्रवाह गर्ने बातावरण बनाइदैछ । वेभ साइडलाई अपडेट गर्ने, फेसवुक पेज, मोवाईल एप्स तथा प्रेस सल्लाहकारमार्फत समाचार सार्वजनिक गर्ने गरेको उपमहानगरपालिकाले टोल फ्रि नम्वर मार्फत जनगुनासो सुन्ने र सम्वोधन गर्ने प्रयास गरेको छ ।

**४. सम्भावित लाभ/प्रभाव**

सहकार्य भन्ने वित्तिकै बराबर कार्य र जिम्मेवारीवोध गर्नु भन्ने नै हो । सहकार्यमा सहयोग दिने र लिने नभई आपसी स्पष्टता, सन्तुलीत क्षेत्र, कार्याधिकार बाँडीनु नै हो । सञ्चार क्षेत्रको कार्यक्रमबाट स्थानीय विकासमा जनताको सोंच परिवर्तन गर्नमा मद्यत पुऱ्याउनुका साथै उनीहरुको अधिकतम सहभागिता र अग्रसरता रहने छ । कर्मचारी, जनप्रतिनीधीलाई थप जिम्मेवार उत्तरदायी बनाउन सधैं सञ्चारमाध्यमले अभिप्रेरणा समेत प्राप्त हुनेछ । यसका लागि उपमहानगरपालिका पूर्ण जिम्मेवारीका साथ काम गरिरहेको छ । सो सन्दर्भमा चालु आव ०७६/०७७ का लागि स्वीकृत संचार क्षेत्र प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि वजेटसहितको कार्यक्रम सञ्चालन गर्ने प्रक्रिया अन्तर्गत सूचना मार्फत प्रकाशित गरिएको छ ।



नगर कार्यपालिकाको कार्यालय नेपालगंज बाँके

**५. कार्यक्षेत्र :**
नेपालगञ्ज उपमहानगरपालिकाको वडा नं. १ देखि २३ सम्म (सबै वडाहरु)।

**६. समयावधी :**
उप-महानगरपालिकाले प्रस्तावित कार्यका लागि सञ्चार जगतका सँस्थाहरु छनौट गरी २०७६ माघ पहिलो हप्ता भित्र सम्झौता गर्नेछ र सो पश्चात् छनौट भएका संस्थाद्धारा कार्य आरम्भ गरी २०७६ असार १५ गते भित्र सवै कार्य सम्पन्न गरी नेपालगंज उपमहानगरपालिकाको कार्यालयमा पेश गरिसक्नुपर्नेछ।

**७. साझेदार सँस्थाको क्षमता तथा अनुभव**
प्रस्तावित कार्यका लागि अध्ययन, अनुसन्धान तथा सञ्चार क्षेत्रको विकासमा कम्तिमा १ वर्ष कार्यानुभव भएको तथा प्रस्तावित कार्य सम्पादन गर्नको लागि योग्य तथा अनुभवी मानविय श्रोत भएको हुनुपर्नेछ।

**८. कार्यक्रमको बजेट तथा भुक्तानीको व्यवस्थापन**
प्रस्तावित कार्यसम्पादन गर्न सूचनामा उल्लेखित बजेट रकमको २० प्रतिशतले हुन आउने थप रकम लागत साझेदारीमा गर्ने गरि आर्थिक प्रस्ताव तयार गरेको हुनुपर्नेछ। साथै कार्यक्रमको सम्झौता सम्पन्न भै कार्य प्रगतिका आधारमा भुक्तानी दिइनेछ। पेश्की उपलब्ध हुनेछैन।

**९. प्रस्ताव पेश गर्दा समेटिनुपर्ने विषय तथा क्षेत्र : प्रस्तावमा देहायका विषयहरु उल्लेख गर्नुहोला।**

- **सँस्थागत परिचय तथा अनुभव :**

क) संक्षिप्त परिचय ख) संस्थागत अनुभव र क्षमता ग) आवश्यक जनशक्तिको शैक्षिक योग्यता र कार्यानुभव घ) संस्थाको विषयगत क्षेत्रको अनुभव ङ) अनुसन्धानदाताको शैक्षिक योग्यता र अनुभव

- **प्रस्तावित कार्यक्रमको विवरण :**

(क) कार्यक्रमको पृष्ठभूमी (ख) उद्देश्य (ग) कार्यक्षेत्र (घ) कार्यक्रमको नाम, सँचालन गर्ने विधि उदाहरणका लागि विकास निर्माणको स्थलगत अनुगमन, रिपोर्टिङ्ग र प्रशारण यसै गरि कार्यक्रम संग सम्बन्धित विषयमका वारेमा उल्लेख गर्ने। (ङ.) समन्वय तथा सहकार्यको स्पष्टता (च) सँस्थाको साझेदारी (छ) संस्थाको विधानमा भएको उद्धेश्य र प्रस्तावित कार्यक्रम विच तादाम्यता (ज) अनुगमन तथा मूल्याङ्कन (झ) कार्ययोजना: २०७६ माघ देखि असार सम्म ६ महिनामा लेखहरुको प्रकाशन, प्रशारण र छपाई गर्ने समय अवधि तोकि कार्ययोजना तयार गर्ने। (ञ) प्रशारण योग्य विषयवस्तुको विश्वसनियतामा विशेष ध्यान दिनका लागि गरिने क्रियाकलापहरु के कसरी सञ्चालन गर्न सकिन्छ सो वारेमा उल्लेख गर्ने। (ट) उपमहानगरपालिकाले सम्पादन गरेकोसफल अभ्यास, नमूना परियोजना तथा सिकाई अभ्यासहरुको प्रकाशन, प्रशारण गर्ने तौर तरिकाका वारेमा उल्लेख गर्ने, (ठ) सूचनामा उल्लेखित बजेट रकमको २० प्रतिशत थप रकम सहित लागत सहभागिता गर्ने गरि तोकिएका सवै क्रियाकलापहरुमा एउटा प्रस्तावदाताले प्रस्ताव पेश गर्न सक्नेछन तर छनौट गर्दा एउटा संस्थालाई कुनै एउटा क्रियाकलाप गर्ने गरि छनौट गरिनेछ। (ठ) प्रतिवेदन प्रक्रिया : कार्यसम्पन्न पश्चात् प्रतिवेदनको विषयहरु उल्लेख गर्ने।

**१०. प्रस्ताव छनौटका आधारहरुः १. प्रारम्भिक आशय छनौट :** सूचनामा उल्लेखित शर्त तथा सो विषय संग सम्बन्धित सम्पूर्ण कागजातहरु प्रारम्भिक आशय छनौटका लागि अनिवार्य छन्। **२. प्रस्ताव मूल्याङ्कनका आधारहरुः** (क) संस्थाकोछोटो परिचय (ख) संस्थागत अनुभव र क्षमता (ग) मूख्य-मूख्य जनशक्तिको शैक्षिक योग्यता र कार्य अनुभव (घ) कार्यसम्पादन गर्ने तरिका र कार्यक्षेत्रगत शर्तप्रतिको प्रभावग्राहिता (ङ.) संस्थाको व्यवस्थापकिय क्षमता (च) कार्यालय भवन तथा भौतिक सामाग्री।

**३. प्राविधिक तथा आर्थिक प्रस्तावः** माथि उल्लेखित विषय ध्यानमा राखि प्राविधिक तथा आर्थिक प्रस्ताव एउटै तयार गरि एउटै खाममा राखि शिलबन्दि गरि पेश गर्नुपर्नेछ। साथै प्रस्तावको प्रत्येक पानामा अनिवार्य रुपमा प्रमाणित गर्नेको दस्तखत र छाप लागेको हुनुपर्नेछ।

**४. प्रस्ताव मूल्यांकन गर्ने तरिका :** प्रस्तावहरुको मूल्यांकन गुणस्तर र लागत विधि अनुसार गरिने छ।

**५.अनिवार्य रुपमा पुरा गर्नु पर्ने पूर्व शर्तहरु :-** सूचनामा उल्लेख भएका शर्तहरु प्रारम्भिक चरणका लागि अनिवार्य भएकोले ती शर्तहरु पूरा गरे बापत अङ्क दिइने छैन र यस्तो शर्त पूरा नभएको प्रस्ताव माथि कुनै कारवाही हुने छैन।